जम्मा पूँजी (रु. हजारमा)	१२५,२५०.८०	१९४,४४२.८०	२८५,४९०.५०	२७२,०३४.५०	२६७,५७१.४२	३९१,८६३.७०	४२७,०९७.३१
शेयर संख्या हजारमा)	१,००३.९९	१,००३.९९	२,८५१.४३	२,८५१.४३	२,८५१.४३	३,८०१.९०	३,८०१.९०
प्रति शेयर आम्दानी (EPS)	०.११	०.२३	०.५०	(४.७२)	(५.९३)	७.६९	९.३०
प्रति शेयर नेटवर्थ (रु.)	९८.७०	९८.९३	१००.१२	९५.४०	९३.८४	१०३.०७	११२.३४
नेटवर्थमा औषत प्रतिफल	०.११	०.२३	०.५०	(४.९५)	(६.३२)	७.४६	८.२८

**कम्पनीको आ. व. २०८१/८२ को चैत्र मसान्तको व्यवस्थापनबाट प्रमाणित अपरिस्कृत विवरण हुन्।*
कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो। उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि श्री एस.के. पटेल एण्ड एशोशियटसद्वारा तयार पारिएको हो।

१४. सकारात्मक पक्षहरु :

१. आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष आयकर छुट तथा सो पश्चात ५ वर्षसम्म ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभाशं दर बढी रहेको।
२. कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा सौर्य उर्जा, जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।
३. आयोजना निर्माणका लागि बुँदा नं. ग (१६) बमोजिम निम्न अनुसार ऋण सहुलियत प्राप्त गरेको।
४. सौर्य उर्जा, जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको।

१५. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**
- आयोजनाको निर्माण कार्य सम्पन्न भई संचालनमा आइसकेकोले वित्तीय जोखिमको अवस्था नरहेको।
- संस्थापक शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भईसकेको र बैंकबाट समेत ऋण प्राप्त गरी सकेकोले वित्तीय साधनको अभावबाट कुनै पनि जोखिम नरहेको।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :** आयोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु सिमेन्ट, छड, फलाम, मेशिनजस्ता कच्चा पदार्थहरुको व्यवस्थापन भई आयोजना निर्माण भईसकेको हुनाले कच्चा पदार्थको अभावबाट कुनै पनि जोखिम नहुने।

(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नहुने। नेपाल विद्युत प्राधिकरण पुर्णतः नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत बिक्रीबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :** आयोजना पूर्ण रुपमा सम्पन्न भई संचालनमा आइसकेको हुनाले कुनै त्यस्तो जोखिम नरहेको।

(ङ) **विदेशी विनिमय जोखिम :** हाल त्यस्तो जोखिम नरहेको।

(च) **कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू :** हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पर्ण इजाजत पत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी नभएकोले यस्तो जोखम नरहेको।

(ज) **सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** नेपाल सरकारले अंगीकार गरेको वर्तमान उर्जा/जलविद्युत नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा कम्पनीको आयमा असर पर्न सक्नेछ।

(झ) **सञ्चालन इतिहासको अभाव :** यस कम्पनी मिति २०७५/०६/१६ गते स्थापना भई मिति २०८०/१०/१० देखि विद्युत उत्पादन गरी नेपाल विद्युत पाधिकरणलाई विद्युत आपूर्ति गरिरहेकोले गर्दा सञ्चालन इतिहासको अभाव नरहेको।

(ञ) **प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम :** सौर्य उर्जा आयोजना निमार्णको लागि आवश्यक सोलार प्यानल इन्भर्टर, ट्रान्सफर्मर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट विद्युत उपकरणहरु फेज आउट भएमा उत्पन्न हुन सक्ने जोखिमहरु।

(ट) **अन्य :**
- दैवी प्रकोप एंव प्राकृतिक विपत्ती (भुकम्प, आगलागी, ज्वालामुखि, पहिरो, बाढी, आँधीबेहरी, चट्याङ्ग वा अन्य) यस्तै कारणले भएको दुर्घटना,
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।

सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न ब्यवस्थापनको धारणा :
कम्पनीले क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यनीकरण गर्नका लागि जनशक्ति तथा क्षमता विकासमा ध्यान पऱ्याउनको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणको लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने कम्पनीको नीति रहको व्यहोरा जानकारी गराउछौं। सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ।

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेका कारण उर्जा विभिन्न श्रोतबाट पाप्त गर्न सकिन्छ। जस्तै सौर्य शक्ति, वायु, कोइला, जलश्रोत इत्यादी। यस मध्ये सौर्य उर्जा विद्युत आयोजनाले वातावरणमा नकारात्मक प्रभाव पार्दैन।

यस कम्पनी तथा आयोजनाको आवश्यक संरचना मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न आयोजनाको निम्नानुसारका बिमा गरिएको छ।

सि.नं	बिमाको प्रकार	बिमा कम्पनीको नाम	बिमांक रकम (रु.)	बिमा अवधि	बिमा शुल्क (रु.)
१	सम्पत्ति बीमालेख (Property Insurance)	युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड	६६,५८,८१,९७७	०३/०५/२०२५ देखि ०२/०५/२०२६	२२,००,९२६.४१
२	Loss of Profit	युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड	१२,८५,००,०००	०३/०५/२०२५ देखि ०२/०५/२०२६	५,४४,५३८.७५

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम : प्रति शेयर अंकित मूल्य रु.१००/- दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :

विवरण	आ.व. २०८१/०८२*	आ.व.२०८२/०८३	आ.व.२०८३/०८४
विद्युत विक्री वापतको आयमा औषत बृद्धिदर	६७.१८%	४२%	-०.५५%
कुल खर्चमा औषत बृद्धिदर (प्रतिशतमा) *#	१०४.६०	-९.०८	-६.७१
कुल मुनाफामा औषत बृद्धिदर (प्रतिशतमा)	५९.७४	४४.७०	-०.२६
खुद मुनाफामा औषत बृद्धिदर (प्रतिशतमा)	-१,२९३.६३	३७२.८५	२०.४८
प्रति शेयर आम्दानी (रु.)	-५.९३	७.६९	९.३
इक्विटिमा प्रतिफल (प्रतिशतमा)	-६.३२%	७.४६%	८.२५%
सम्पत्तिमा प्रतिफल (प्रतिशतमा)	-२.०१%	३.५६%	४.३८%

** आ.व. २०८१/८२ वित्तीय सुचाङ्कहरु प्रक्षेपण गर्दा आ.व. २०८०/८१ को माघ १० गते देखि मात्र विद्युत उत्पादन शुरु भएको हुनाले वित्तीय सुचाङ्कहरु वृद्धी/कमी धेरै हुन गएको छ।*
 # आ.व. २०८१/८२ को खुद मुनाफामा औषत बृद्धिदर (प्रतिशतमा) ऋणात्मक हुनाको कारण अत्याधिक वर्षाको कारण केवललाई नोक्सान गरेको र सो केवल नयाँ ल्याई फेर्ने समय करिब ५ महिना पुर्ण क्षमतामा यस आयोजनबाट विद्युत उत्पादन हुन नसकेकोले
**# कुल खर्चमा उत्पादन खर्च, प्रशासनीक खर्च, वित्तीय खर्च, ह्रास तथा परिशोधन खर्च, कर्मचारी बोनस खर्च समावेश गरिएको छ। आ.व. २०८२/८३ देखि कुल खर्चमा गिरावट आउनुको प्रमूख कारण वित्तीय खर्च घट्दै जानु रहेको छ।*

प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छः
१. प्रक्षेपित आ.व.मा संगठित संस्थाले विद्युत बिक्रीबाट निम्नानुसार आम्दानी गर्ने अनुमान गरेको छ।

महिना	दिन	Monthly Contract Energy(in Kwh)	युनिट दर	आ.व.२०८१/८२*	आ.व.२०८२/८३	आ.व.२०८३/८४
श्रावण	३१	१,४३३,३०५	७.३०	९,४३५,३९६	१३,०७७,७००	१३,००५,७७२
भाद्र	३१	१,४००,५६२	७.३०	५,२५५,५६२	१२,५२७,०६८	१२,४५८,१६९
आश्विन	३१	१,३५५,९११	७.३०	१०,२५४,९८२	११,३७९,३४७	११,३१६,७६०
कार्तिक	३०	१,३०६,३६४	७.३०	१०,८००,६४६	१०,२५३,८६४	१०,१९७,४६८
मंसिर	२९	१,२१८,२१५	७.३०	९,९८६,८३८	१०,०१९,६२१	९,९६४,५१३
पौष	३०	१,२२५,७०५	७.३०	८,१४७,३८४	९,७००,१८७	९,६४६,८३६
माघ	२९	१,२५४,४१५	७.३०	६,१०१,१२१	९,३४५,७२८	९,२९४,३२७
फाल्गुण	३०	१,५०८,०११	७.३०	४,८२०,७०१	८,७१५,११०	८,६६७,१७७
चैत्र	३०	१,७०९,६५८	७.३०	६,४४८,४५५	८,७६८,६९४	८,७२०,४६६
बैशाख	३१	१,८३८,१३६	७.३०	४,८४०,७७६	८,९२४,७२७	८,८७५,६४१
ज्येष्ठ	३१	१,७६०,७४२	७.३०	६,३६०,२७१	१०,७२८,९७५	१०,६६९,९६६
आषाढ	३२	१,५९९,४२४	७.३०	८,४५९,९७०	१२,१६३,६२३	१२,०९६,७२३
जम्मा	३६५	१७,६१०,४४८		९०,९१२,१०२#	१२५,६०४,६४४	१२४,९१३,८१९

*नोट : *आ.व. २०८१/८२ को लागि चैत्र मसान्तसम्मको वास्तविक विद्युत आम्दानी समावेश गरिएको बाँकी महिनाहरुमा विद्युत खरिद बिक्री सम्झौता अनुसार समावेश गरिएको छ। विद्युत खरिद बिक्री सम्झौताको बुँदा ३८.१८ मा व्यवस्था भए अनुसार सम्झौताको अवधि भर एक पल्ट र व्यापारिक उत्पादन (COD) भएको पाँच वर्ष भित्र प्रवर्द्धक कम्पनीको अनुरोधमा अनुसूची २ टेबुल २ मा उल्लेखित Monthly Average Solar Insolation Data जडित क्षमता भन्दा बढि नहुने गरी दुबै पक्षको सहमतिमा प्रत्येक महिनको Contract Energy थपघट गर्न सकिने छ। यस प्रयोजनकमा लागि कम्पनीले Metrtological Station आयोजना स्थलमा जडान गरी प्रयेक दिनको Solar Insolation Data लगातार २ वर्षसम्म बुझाउन पर्ने व्यवस्था बमोजिम आगामी वर्षहरुमा कुल Contract Energy नबढ्ने गरि महिनाहरु बिच विद्युत उत्पादन संख्यालाई संशोधन गरिने भएकोले आगामी वर्षहरुमा Contract Energy को पूर्ण मात्रामा विद्युत उत्पादन हुने प्रक्षेपण गरिएको छ।*

आयोजनामा २०८१ असोज महिनामा भएको भारी वर्षाको कारणले केबलभित्र पानी छिड्न गई आयोजनाको विद्युत उत्पादनमा ह्रास आएको थियो। सो केवल नयाँ ल्याई फेर्ने समय करिब ५ महिना पुर्ण क्षमतामा यस आयोजनबाट विद्युत उत्पादन हुन नसकेकोले थियो। सो कार्य २०८१ फागुन महिनामा सम्पन्न भई हाललाई बिना कुनै अवरोध विद्युत उत्पादन भई रहेको छ। त्यस्तै २०८२ जेष्ठ २ गतेका दिन दुई वटा इर्न्भटर मध्ये एक इन्भटरमा आगो लाग्न गई विद्युत उत्पादनमा असर पर्न गएकोले समेत आ.व. २०८१/८२ को विद्युत बिक्री आम्दानी घट्न गएको हो। सो आगो लागेको इर्न्भटरको जलेको पार्टपुर्जा परिवर्तन गरेर २०८२ आषाढ ११ गते देखि पुर्ण रुपमा आयोजनाले विद्युत उत्पादन गर्दै आई रहेकोछ। यी सम्पूर्ण उपकरण तथा पार्टपुर्जा फेर्दा वारेन्टीको अवधि रहेकोले उपकरण तथा पार्टपुर्जा लागतको वित्तीय भार कम्पनीलाई पर्न गएको छैन।

२. ऋण भुक्तानी (Loan repayment) तालिका निम्नानुसार रहने प्रक्षेपण गरिएको छ।

आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४
३,५९,४०,०००	१३,६९,७२,५००*	४,१९,३०,०००

* प्रारम्भिक सार्वजनिक निष्काशनबाट प्राप्त रकम समेत गरी।

३. ऊर्जा उत्पादनको वार्षिक ह्रास दोस्रो वर्षको लागि २% र त्यसपछि बाँकी अवधिको लागि ०.५५% वार्षिक हुनेछ।
४. विमा शुल्क खुद स्थिर सम्पत्तिको प्रयेक वर्ष ०.३० प्रतिशतका दरले गरिएको छ।
५. प्लान्ट मर्मत लागत (मुख्य) आर्थिक वर्ष २०८२/८३ बाट प्रति वर्ष ५% वृद्धि हुनेछ।
६. संचालन खर्च प्रत्येक वर्ष ३ प्रतिशतका दरले वृद्धि हुनेछ।
७. प्रशासनिक खर्च प्रत्येक वर्ष २.५ प्रतिशतका दरले वृद्धि हुनेछ।
८. जम्मा तिर्न पर्ने करको ९५ प्रतिशत कर सोही आ.व. मा तिर्नेछ।
९. कम्पनीले आ.व.२०८३/८४ देखि अधिक नगद प्रवाहलाई अन्य लाभकारी परियोजनाहरुको पहिचान तथा विश्लेषण गरी सोमा रु.२,००,००,०००/- लगानी गर्ने प्रक्षेपण गरिएको छ।
१०. यस आयोजनाले मिति २०८० माघ १९ गते देखि व्यापारिक उत्पादन सुरु भएको र विद्युत उत्पादन अनुमति वहाल रहने मिति २१०४/०१/१० सम्म रहेको छ। यसरी हेर्दा व्यापारिक उत्पादन सुरु मितिबाट यस आयोजनाले २३ वर्ष ३ महिनासम्म विद्युत उत्पादन गरी बिक्री गर्ने समायावधि रहेको र सो अवधि भित्र आयोजनाको पूँजीकृत सम्पती ह्रासकट्टी गर्ने निति कम्पनीले लिएको छ। सोही अनुरुप Straight Line Method (SLM) अनुसार हरेक वर्ष ह्रास कट्टी गर्दै जानेछ।
११. आर्थिक ऐन, २०८० तथा आयकर ऐन, २०५८ बमोजिम सोर्य आयोजनाले व्यापारिक उत्पादन सुरु भएको १० वर्षसम्म पुरै आयकर छुट पाउने र त्यसपछिको पाँच वर्षसम्म पचास प्रतिशत छुट पाउने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम यस कम्पनीले आयकर तिर्ने प्रक्षेपण गरेको छ। अन्य श्रोतबाट हुने आम्दानीमा २५ प्रतिशत आयकर लाग्ने छ।
१२. सोर्य विद्युत आयोजनालाई रोयल्टि नलाग्ने भएकोले सो व्यवस्था नगरिएको हो।
१३. कम्पनीले अधिक नगद प्रवाहलाई अन्य स्थिर मुद्धती, लाभकारी परियोजनाहरुमा लगानी गर्ने छ र त्यस्तो लगानीबाट बार्षिक ५ प्रतिशत आम्दनी गर्ने गरी लगानी गर्ने प्रक्षेपण गरको छ।
१४. इक्विटी लागत (Cost of Equity) को सम्बन्धमा अवधि निक्षेप, सरकारी बोन्ड, डिबेन्चरहरुको लगानीमा हुने आम्दानीलाई मध्ये नजर गरी यस कम्पनीको शेयरधनीहरुको औषत इक्विटी लागत १० प्रतिशत हुने प्रक्षेपण गरिएको छ।
१५. भारित औषत पूँजीलागत (Weighted Average Cost of Capital) ९.३२ प्रतिशत रहने प्रक्षेपण गरिएको छ।
१६. हाललाई प्रसारण लाइन पुर्ण रुपमा संचालनमा रहेको र प्रसारण लाइनको दुरी समेत छोटो रहेको कारणले गर्दा सामान्य मर्मत सम्भार बाहेक प्रसारण लाइनसंग सम्बन्धित समस्याहरु कम हुने सो कारणले कम्पनीको आम्दानीमा असर नपर्ने पक्षेपण गरिएको छ।
१७. यस आयोजनाको टर्मिनल मूल्य (Terminal Value) आयोजनाको अनुमति पत्र सकेको आर्थिक वर्षमा संचित आम्दानी (Retained Earning) बराबरको रकम रु.१४४.७८ करोडलाई लिईएको छ।
१८. आयोजनामा जडान भएको उपकरणहरु प्रयोग गर्दै जादा हरेक वर्ष मर्मत तथा संभार बढदै जाने भएकाले आवश्यक मर्मत तथा संभारको मौज्दात वासालतमा बढ्दै जाने प्रक्षेपण गरिएको छ।
#१९. नेपाल विद्युत प्राधिकरण र यस कम्पनीका बिच भएको विद्युत खरीद बिक्री सम्झौता बमोजिम CUF १५% नपुगे वापत आ.व. २०८१/८२ लाग्न सक्ने जरिवाना रकम रु.२५ लाख हुने अनुमान गरिएको छ र सो रकम कम्पनीको प्रक्षेपित नाफा वा नोक्सान विवरणको विद्युत बिक्रीबाट हुने आम्दानीमा समेत घटाई राखिएको छ।

१६. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :** स्वीकृत विवरण पत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या माग भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ। स्थानियबासी, वैदेशिक रोजगारीमा रहेका नेपाली तथा सर्वसाधारणहरुलाई शेयर बाँडफाँड गर्दा निम्न प्रकृया अनुसार गरिनेछ।
क. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ।
ख. बुँदा (१) बमोजिम बाडफाँड गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर आवेदकहरुलाई पुनः १० दश) कित्ताका दरले बाडफाँड गरिने छ।
ग. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ।
घ. उपरोक्तानुसार शेयर बाडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ।
ङ. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाको सम्बन्धमा बोर्डको सहमति लिईनेछ।
च. शेयर बाँडफाँड जानकारी बाँडफाँड गरेको भोली पल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ।
छ. कम्पनीको कर्मचारीहरुलाई शेयर बाँडफाँड गर्दा कम्पनीको सचालक समितिको निर्णय बमोजिम गरिनेछ।
ज. स्थानीय बासिन्दा, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु, कर्मचारी तथा सामूहिक लगानी कोषका लागि निष्काशन गरिएका शेयर बिक्री नभई बाँकी रहन गएको अवस्थामा सर्वसाधारणलाई शेयर निष्काशन गर्दा सो शेयर थप गरी निष्काशन गरिनेछ। साथै, सर्वसाधारणलाई शेयर निष्काशन गर्दा न्यून माग भएको अवस्थामा माग भए बमोजिमका शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभुतीकर्ता वीच भएको प्रत्याभुती सम्बन्धी सम्झौता बमोजिम प्रत्याभुतीकर्ताले खरिद गर्नेछ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :** शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेका समयावधिभित्र शेयर बाँडफाँड गरि पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएका व्यहोरा उल्लेख गरि धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ का अनुसूची ७ बमोजिमका विवरण सम्बन्धी सि आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाइ उपलब्ध गराइने छ र सोही विवरण अनुरुप सि आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेका शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरि फिर्ता गरिदिनेछ। स्थानियबासीका हकमा आवेदन फारममा उल्लेख गरेको बैंक खातामै सोझै जम्मा हुनेगरी फिर्ता भुक्तानी गरिनेछ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" ले निर्धारित गरेको समय भित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ।
उपरोक्त व्यवस्था आस्वा सदस्य बैंक तथा वित्तिय संस्थावाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन।

(घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी :** स्वीकृत विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा नेपाल धितोपत्र बोर्डका प्रचलित व्यवस्था अनुसार निर्धारित समय भित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाई प्रचलित व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडबाट कायम भएका शेयरधनीहरुलाई निजहरुले आवेदनमा उल्लेख गरेको हितग्राही खातामा शेयरको सूचिकरण भएपश्चात् सोझै जम्मा गर्ने व्यवस्था गरिनेछ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** स्वीकृत विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण गराई कारोवार हुने व्यवस्था मिलाइनेछ।

१७. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

१. कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्।
२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ।
३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ।
५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनुपर्नेछ।
६. आवेदकले आवेदन फाराममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसंग रुजु हनु पर्नेछ।
७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :
क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।
ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।
ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या - अंक र अक्षरमा।
ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम - अंक र अक्षरमा।
च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
छ. आवेदकको हितग्राही - डिम्याट खाता नम्बर।
८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुदैन।
९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।
१०. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ।
११. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ।
१२. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसकालागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ।
१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने छ।
१५. सङ्गठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत जारी गरेको शेयर खरिदका लागि प्राकृतिक व्यक्तिले मात्र दरखास्त दिन सक्नेछ। तोकिएको अवधिभित्र बिक्री नभएमा सङ्गठित संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरिद गर्न सक्नेछ।
१६. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेको नेपाली नागरिकले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन्।

१८. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरणः

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं.४ वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक हिमालयन क्यापिटल लिमिटेडको कार्यालय, का.म.न.पा. वडा नं.२८, कमलादी, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।
२. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- अंकित दरले C-ASBA प्रणाली मार्फत आवेदन दिन सक्नेछन्।
३. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले न्युनतम १० (दस) कित्ता र १० अंकको गुणाङ्कमा अधिकतम ५,००० कित्तासम्म शेयर खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ।

१९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कुल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण : प्राथमिक शेयर निष्काशन तथा बिक्रीबाट प्राप्त हुने रकम यस कम्पनीले माच्छापुछ्रे बैंक लि.को अगुवाईमा र हिमालयन बैंक लि. (साबिकको सभिल बैंक लि.) को सहभागितामा लिएको सह-वित्तिय कर्जा (Consortium Loan) चुक्ता गर्न प्रयोग गर्ने

विवरण	उपयोग रकम
माच्छापुछ्रे बैंक लि. र हिमालयन बैंक लि. (साबिकको सभिल बैंक लि.) को कर्जा भुक्तानी गर्ने।	९,५०,४७,५००/-

२०. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु :

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	श्री हिमालयन क्यापिटल लिमिटेड, का.म.न.पा. वडा नं.२८, कमलादी, काठमाण्डौं, वेबसाइट : www.himalayancapital.com
२.	श्री झापा इनर्जी लिमिटेड, विर्तामोड वडा नं. ४, झापा, वेबसाइट : www.jhapaenergy.com.np
३.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेबसाइट, www.sebon.gov.np
दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान:	
१	सर्वसाधारणको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

क्र.सं.	निष्काशन बैंकको नाम, ठेगाना	खाताको नाम	खाता नं.
१.	श्री हिमालयन बैंक लि., दरबारमार्ग, काठमाण्डौं।	HCL-Jhapa Energy Limited	०१९०७६८३१४०९०१

साथै आवश्यकता अनुसार ३ दिन भित्र नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

२२. धितोपत्र बिक्री खुल्ला अबधि :

स्वीकृत विवरणपत्रद्वारा निष्काशन गरिने शेयरको लागि आवेदन लिने कार्य कम्तीमा ४ (चार) कार्य दिनको लागि खुल्ला गरिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ।

२३. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागी धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्ने छन्।
गुनासो सुन्ने अधिकारी : नामः राम प्रसाद भट्टराई, इमेलः info@himalayancapital.com, फोन नंः ०१-५९७०६७५

निष्काशन तथा बिक्री प्रबन्धक:

Himalayan Capital
A Subsidiary of Himalayan Bank Limited

हिमालयन क्यापिटल लिमिटेड
पो.ब.नं. ४५१८, कमलादी, काठमाडौं, फोनः ०१-५९७०६७५
इमेलः info@himalayancapital.com, वेबसाइटः www.himalayancapital.com